डा. स्टेफेन इ. जोन्स

# सृष्टिका लागि परमेश्वरको अद्भूत योजना (God's Marvelous Plan for Creation)

## –भाग २–

## परमेश्वरको दयापूर्ण न्यायहरू (The Merciful Judgments of God)

परमेश्वरले पापीहरूलाई न्याय गर्नै पर्छ भनी धेरै मानिसहरूले भन्दछन् किनभने उहाँ पवित्र हुनुहुन्छ र कुनै पनि पापीहरूलाई आफ्नो उपस्थितिमा आउन दिनुहुनेछैन । परमेश्वर साँच्चै नै पवित्र हुनुहुन्छ, तर हामीले अय्यूब १:६ ले यसो भनेको कुरा पाउँदछौं,

*"एक दिन स्वर्गीय दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो।"*

उहाँले शैतानलाई आफ्नो उपस्थितिमा आउन नदिई हटाउनुको सट्टा, परमेश्वरले उसँग कुराकानी गर्नुभयो । यो स्पष्ट छ कि परमेश्वरको पवित्रताको अर्थ शैतानलाई उहाँको पहुँचमा पुग्नलाई निषेध गर्नु थिएन ।

त्यसकारण हामीले परमेश्वरको न्यायलाई उहाँको पवित्रता मात्र नभई सो भन्दा पर गएर अन्य कुरामा आधारित बनाउनुपर्दछ । १यूहन्ना ४:८ले भन्दछ, "परमेश्वर प्रेम हुनुहुन्छ" । पापको लागि परमेश्वरको न्यायलाई मध्यनजर गर्दा सायद यो कुरा हाम्रो शुरुको बिन्दु हुनुपर्छ ।

मत्ती २२:३७–४० मा परमेश्वरको व्यवस्थाको यस्तो सार हुनसक्छ भनी येशूले बताउनुभयो,

*"तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू । सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्न ।"*

तब, प्रेमचाहिँ "सम्पूर्ण व्यवस्थाको" आधार हो । यदि कुनै पनि व्यवस्था अप्रेमिलो देखिन्छ भने यो चाहिँ हामीले व्यवस्थालाई राम्ररी नबुझेको कारणले गर्दा भएको हो । प्रत्येक व्यवस्थाले हाम्रो छिमेकीलाई प्रेम गर्ने अर्को मार्ग देखाउँदछ । त्यसकारण व्यवस्था चोरी,

हत्या, झूठ, व्यभिचार, र आरिशको विरुद्धमा छ । यी मध्ये कुनैले पनि साँचो प्रेम प्रकट गर्दैनन् । किनभने यस्तो प्रकारको पापहरूले अरुको अधिकारलाई हनन् गर्दछन् ।

यद्दपि, व्यवस्थाका न्यायहरू पनि प्रेममा आधारित छन् । प्रत्येक न्याय चाहिँ पीडितको गुमाएको कुरा पुनर्स्थापना गर्न संरचना गरिएको हो । प्रत्येक न्याय चाहिँ जसले आफ्ना छिमेकीहरूको अधिकारको हनन् गरेका छन् ती पापीहरूलाई सुधार गर्नको लागि पनि संरचना गरिएको हो । यो व्यवस्था भनेको परमेश्वरको सन्तानको बीचमा एक रेफ्री हो, र यसले तिनीहरूलाई परमेश्वरको राज्यमा असल नागरिक हुन तालिम प्रदान गर्दछ ।

## व्यवस्थाले पापलाई परिभाषित गर्दछ

परमेश्वरको व्यवस्थाहरू भनेको उहाँ प्रेमिलो परमेश्वर हुनुहुन्छ भनी प्रकट गर्ने कुरा थिए । कुनै पनि परमेश्वरको स्वभावको विरुद्धको कुराहरू चाहिँ पाप हो, र प्रत्येक क्षण मानिसले परमेश्वरको व्यवस्थालाई तोड्दछ, र परमेश्वरले उसलाई गतिशील हुन सृष्टि गरेको जीवन जिउन र प्राप्त गर्न असफल हुन्छ । परमेश्वरको योजना हरेक मानिसहरूलाई सम्पूर्ण गतिशीलतामा ल्याउनु हो ।

प्रेरित यूहन्नाले *“पाप नै व्यवस्था भंग हो”* भन्दै एउटा पत्र लेखे (१यूहन्ना ३:४) । उनले ग्रीक शब्द एनोमिया (anomia) को प्रयोग गरे जुन चाहिँ नोमस (nomas) “व्यवस्था” बाट लिईएको थियो । यहि शब्दलाई येशूले मत्ती ७:२३ मा प्रयोग गर्नुभएको छ । जसले उहाँको व्यवस्थालाई इन्कार गर्छन्, तर उहाँको नाउँमा आश्चर्य कर्म गर्दछन्, येशूले तिनीहरूलाई भन्नुभयो,

“ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, ‘मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।”

“व्यवस्था भंगता” चाहिँ त्यस्तो मनोवृत्ति वा विश्वास हो जहाँ हामीले व्यवस्था नभएको, हामीले पछ्याउनै पर्ने व्यवहारको मापदण्ड नभएको जस्तो गरी कार्य गर्दछौं । व्यवस्था भंगताले व्यवस्थालाई अवमूल्यन गर्दछ र यो असान्दर्भिक र थोत्रो भएको कुरालाई देखाउँदछ । तर व्यवस्था चाहिँ प्रेममा जरा गाडिएको हुन्छ, व्यवस्था भंग गर्ने मानिसहरूले अप्रेमिलो कुरालाई समाप्त पार्ने गर्दछन् ।

प्रायः तिनीहरूले यसलाई अनुभूति गर्दैनन्, किनभने तिनीहरूले आफ्नो मापदण्डको प्रेम गर्ने कार्य गर्दछन् । तिनीहरूले परमेश्वरको नजरमा जे ठीक छ त्यो नगरी उनीहरूले आफूलाई

जे ठीक लाग्छ त्यही गर्दछन्, तिनीहरू सिद्ध प्रेम अनुसार अनिवार्यरुपमा जिउन असफल हुँदछन् । मानिसको विवेकमा चाहिँ उसकै असिद्ध संस्कृतिले बढी मात्रामा आकार लिएको हुन्छ, त्यसकारण परमेश्वरको वचनले विवेकलाई पुनःशिक्षित पार्नु आवश्यक हुन्छ ।

प्रेरित पावलले रोमी ३:२०मा लेख्दछन्, "…किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।"

उनले पुनः रोमी ७:७ मा भन्दछन्, "हामीले के भन्ने त ? व्यवस्था पाप हो ? कदापि होइन ! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइनँ।"

रोमी ३:३१ मा पावलको सार पाईन्छ, "तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित् होइन ! बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं।"

पावल येशूसँग सहमत भए, जहाँ येशूले मत्ती ५:१७ र १८मा भन्नुभयो,

"व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन।"

त्यसकारण, त्यो विचार जुन परमेश्वरको व्यवस्था पर सारियो, यो यूहन्ना वा पावलबाट भएको थिएन, यद्दपि यो येशूबाट पनि भएको थिएन । यो तिनीहरूबाट आयो जसले परमेश्वरको मापदण्डबाट अरुलाई प्रेम गर्दैनथे । तिनीहरूले प्रेमको आफ्नो परिभाषा बनाए अथवा सायद परमेश्वरको व्यवस्थाले उहाँको आफ्नो साँचो प्रेम प्रकट गर्नबाट चुक्यो भनी तिनीहरूले विचार गरे । कित तिनीहरू आफू गलत थिए र तिनीहरूले धेरै इसाईहरूलाई गलत प्रकारले व्यवस्था बिहिनतामा वा व्यवस्था बिहिन विश्वास प्रणाली ग्रहण गर्न अगुवाइ गरे ।

जब इसाईहरूले परमेश्वरको व्यवस्थालाई इन्कार गर्दछन्, तिनीहरूले छिट्टै परमेश्वरको प्रेमको प्रकाशलाई गुमाउछन् । जुन कुरा बिशेषगरी ईश्वरीय न्यायको अवधारणामा देखिने गर्दछ । जसले नरकको अनन्तको आगोको दण्डको कथालाई पनि बताउने गर्दछ । मण्डलीका मानिसहरूले परमेश्वरको दयापूर्ण व्यवस्थालाई बिर्से र आफ्नै निर्दयी न्यायले त्यसलाई विस्थापित गरे ।

तिनीहरूले बाइबलबाट आगोलाई अलंकारको रुपमा लिए र यसलाई शाब्दिक, सीमित, र बल्दो कोधको रुपमा अर्थ्याए ।

## सबै न्याय सीमित छ

बाइबलले न्यायलाई दुईवटा महत्वपूर्ण तरिकाले सीमित गर्दछ । पहिलो, सानो गल्तीको लागि चेतावनीका लागि चालिस कोर्रा हान्ने दण्ड । व्यवस्था २५:३ ले भन्दछ,

"तर चालीस कोर्राभन्दा बढ़ी हान्न नलगाऊन त्यसभन्दा बढ़ी कोर्रा खाए तिमीहरूका दृष्टिमा तिमीहरूको भाइको अपमान हुनेछ ।"

यद्दपि चालीस कोर्रा अति नै कडा दण्ड हो, यसको अन्तिम कोर्राको कहिल्यै पनि प्रयोग गरिदैन । धेरै मानिसहरूले पनि कुनै एक गल्तीको धेरै भन्दा धेरै सजाय पाउदैन । अनिच्छुक चरम दण्ड चाहिँ उनीहरूले गरेको चरम विरोधमा निर्भर हुन्थ्यो ।

जुब्लीको व्यवस्था त्यो अर्को ठूलो व्यवस्था हो, जसले ईश्वरीय न्यायलाई सीमित बनाउँदछ । जब एउटा पापीले पाप गर्दथ्यो, त्यो ठूलो पाप मानिन्थ्यो र उसँग तिर्नलाई रकम हुँदैनथ्यो र उ उको चोरीको कारण बेचिन्थ्यो (व्यवस्था २२: ३) । अर्को शब्दमा, उसले सो ऋृण नतिरेसम्म उ कसैको दासत्वमा हुनुपर्दथ्यो ।

नयाँ मालिकले उसको अपराधको मूल्य तिरेपछि मात्र जिम्मेवारी बहन गर्न सक्दथ्यो । सो पापीले त्यो नयाँ मालिकले उसको मूल्य चुकाए बाफत उसको घरमा बर्षौंसम्म काम गर्नुपर्दथ्यो । पापीहरूमा यो दासत्वको समयको निर्धारण व्यवस्थाले नै गर्दथ्यो र यदि पापीले सो ऋृणको मूल्य चुकाउन इन्कार गरेमा, उसले त्यसको कुनै बिकल्प पाउदैन्थ्यो र व्यवस्थाले बाध्य पार्दथ्यो । सो मुद्दामा व्यवस्था लागू गरिएको भए पापीलाई "व्यवस्थाको मुनि" रहेको भनिन्थ्यो । यदि उसले ऋृणको मूल्य चुकाएको भए उ व्यवस्थाको अधिनमा हुने हुँदैन्थ्यो तर अनुग्रहमा रहेको हुन्थ्यो ।

अनुग्रहको अर्थ यसले व्यवस्थालाई सन्तुष्ट बनाएको र ऋृण चुक्ता गरिएको भन्ने हुन्थ्यो । पापी चाहिँ दासत्वबाट मुक्त हुन्थ्यो तर अरु पाप गर्नको लागि स्वतन्त्र हुँदैन्थ्यो । अनुग्रह भनेको पाप गर्नलाई दिइएको लाइसेन्स होइन । अनुग्रह भनेको ऋृण मुक्त भएको अवस्था हो । रोमी ६:१,२मा प्रेरित पावलले भन्दछन्," अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त ? त्यसो नहोस् ! हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझै त्यसैमा जिउनु ?"

संसारीक अदालतले व्यवस्थामय आदेशलाई पुनःस्थापना गर्न सक्दैन । त्यसैले त्यो सवाल सर्वोच्च अदालतमा लग्नुपर्दछ ।

जब अन्त्यको दिनमा परमेश्वरले मृतकहरुलाई पुनरुत्थान गर्नुहुन्छ, र संसारको न्याय गर्नुहुन्छ, तब उहाँसँग यो समस्यालाई समाधान गर्ने शक्ति हुनेछ । सर्वप्रथम, परमेश्वरले मृतकहरुलाई पुनरुत्थान गर्नुहुनेछ । दोस्रो, उहाँले हत्याराहरुलाई अरु दुई पटक वा सो भन्दा बढी पटक साधारण जीवन जिउन दिनु सक्नुहुन्छ । हाम्रो संसारीक अदालतमा यस्तो सुविधा हुँदैन, तर परमेश्वरले निषेध गर्नुहुन्न ।

मृत्यु दण्डलाई भने भविष्यमा सर्वोच्च अदालतबाट न्याय हुने गरी अपिल गरेको बारेमा हेरिनु पर्दछ । पापीहरु नरकमा अनन्तको लागि जानेछैनन् तर परमेश्वरको राज्यको लागि सेवा गर्नेछन् ।

यो चाहिँ “आगोको समुन्द्र” वा व्यवस्थाको न्याय हो । पापीहरुलाई आगोमा फालेर यातना दिनुले अन्यायको दोषीबाट कहिले पनि क्षतिपूर्ति नतिरिन सक्छ । नत अनन्तको दण्डले पापीहरुलाई पूर्णक्षमादानको स्थानमा पुनःस्थापित गर्न सक्छ ।

**नरकको बारेमा के छ ?**

अंग्रजी शब्दः हेल hell-नरक पूरानो शब्द हो जुन चिहानको लागि प्रयोग गरिन्थ्यो वा कसैलाई वा कुनै चीजलाई छोप्नु भन्न् अर्थ लाग्दथ्यो । हामीसँग यसलाई बताउने धेरै अंग्रेजी शब्दहरु छन् ।

उदाहरणको लागि हेल्मेटले कसैको शीर ढाक्दछ । कमैया, एउटा दास हो, अथवा ऊ त्यो व्यक्ति हो जो मालिकको अख्तियार मुनि रहन्छ । तिनीहरुले नरकलाई आलु जमिनमा पुरिएको जस्तो भन्थे ।

परमेश्वरको व्यवस्थामा नरकको बारेमा बताइएको छैन–नत्रभने हामीले यसलाई बाइबलीय तरिकाले परिभाषित गर्ने थियौ । साधारणतया, नरक आफैमा “एउटा चिहान” हो । जसै हामी १ कोरिन्थी १५:५५ पढ्छौ, पावलले सोध्छन्, “ए मृत्यु, तेरो विजय कहाँ ? ए मृत्यु, तेरो खील कहाँ”

यो त्यहि समय थियो जहाँ पावलले आफ्नो पत्रहरुमा नरकको प्रयोग गरेका छन्, र उनले लेखेका छन् कि नरक आफैमा नष्ट हुन गैरहेको छ। उनले होशे १३ः १४ लाई उद्घृत गरेका छन्,

"म तिनीहरूलाई चिहानको शक्तिदेखि मोल तिरेर छुटाउनेछु। म तिनीहरूलाई मृत्युदेखि मुक्त गर्नेछु। ए मृत्यु, तेरा महामारीको प्रकोप कहाँ छ? ए चिहान, तेरो नाश गर्ने शक्ति कहाँ छ?"

परमेश्वरले हामीलाई यो भनिरहनुभएको थियो कि उहाँले नरकलाई वा चिहानलाई नष्ट गर्ने अभिप्राय लिनुभएको थियो। कसरी ? मृत्युबाट छुटकारा पाएकाले गर्दा भएको हो। अन्तमा, पुनरुथानले नरकलाई लाई जित्ने छ। अन्तमा, पुनरुत्थानले नरकलाई सखाप पार्दछ, यद्दपि जीवनले मृत्युलाई जित्छ। जुन कुरा हामीले प्रकाश २०:१४ मा पाउँदछौं,

"मृत्यु र पाताल अग्नि(कुण्डमा फालिए। यो अग्नि(कुण्ड दोस्रो मृत्यु हो। "

प्रस्थान २१ः २४ र २५ पदले भन्छ, "आँखाको सट्टा आँखा, दाँतको सट्टा दाँत, हातको सट्टा हात, खुट्टाको सट्टा खुट्टा, डामको सट्टा डाम, चोटको सट्टा चोट, कुटाइको सट्टा कुटाइ त्यस मानिसलाई मिलोस्"

पहिलो मृत्यु (नैतिकता) चाहिँ आदमले गरेको पापको न्याय हो। हामी उनले पाप गरेको कारण मर्दछौ। दोश्रो मृत्यु चाहिँ हामीले गरेको पापको न्याय हो। दोश्रो मृत्यु चाहिँ आगोको समुन्द्र हो। जुन चाहिँ दानिएल ७ः ९मा भएको आगोको नदिले बनेको छ। जो कोहि पनि यो आगोमा पर्न सक्छ, जसले अरुलाई पनि यस आगोमा जलाएका छन्।

प्रस्थान २१:२४ र २५ले भन्दछ, "आँखाको सट्टा आँखा, दाँतको सट्टा दाँत, हातको सट्टा हात, खुट्टाको सट्टा खुट्टा,  द्छडामको सट्टा डाम, चोटको सट्टा चोट, कुटाइको सट्टा कुटाइ त्यस मानिसलाई मिलोस्"

यसकारण मानिसले कसैलाई अन्याय पूर्वक जिउदै जलाएको छ भने अन्त्यको दिनमा उसले पनि त्यहि प्रकारको न्याय भोग्नुपर्नेमा जिम्मेवार हुनेछ। तर त्यो पीडादायी भए पनि सदाको लागि त्यो अन्त्य हुनेछैन।

## क्षमादान नै लक्ष्य हो

बाइबलले हामीलाई हामीले पाप गरेका छौं भनी बताउँछ। प्रश्न भनेको हामी कति ठूलो पापी हौ भन्ने भन्दा पनि हामीले हामीलाई प्रेम गर्ने परमेश्वर पिताबाट कसरी क्षमादान र पुनर्स्थापना हुने भन्नेबारेमा पत्ता लगाउनु हो।

हामीले जसको विरुद्धमा पाप गरेका छौं, त्यसको क्षतिपूर्ति दिनु असल हो। त्यसरी नै संसारिक सम्बन्ध पुनर्स्थापित हुन सक्नेछ। जेभनेपनि गहिरो समस्या भनेको परमेश्वर पिताबाट कसरी क्षमादान र पुनर्स्थापना प्राप्त गर्ने र कसरी उहाँले चाहेको जस्तो हुने भन्ने हो।

एउटा साँचो भनेको पीडितको अधिकारको बारेको नियम जान्नु हो। अपराधमा पीडितको अधिकार भनेको क्षतिपूर्ति लिनु हो र उ सँग क्षमा गर्ने अर्को अधिकार पनि छ। जब येशूलाई क्रूसमा टाँगियो, उहाँले सबैको पापको दायित्व लिनुभयो र त्यसरी उहाँ सबैको सबै समयको पापको पीडित हुनुभयो।

व्यवस्था (नियम) ले उहाँलाई सबै मानिसको विरुद्धको पाप लिने अधिकार वा क्षमादान गर्ने अधिकार उहाँलाई प्रदान गऱ्यो। लूका २३:३४ ले भन्दछ कि उहाँले क्षमा गर्ने कुरालाई रोज्नुभयो। उहाँले प्रार्थना गर्नुभयो, “हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्।”

परमेश्वरको व्यवस्था (नियम) ले संसारलाई स्वतन्त्र बनाउँदछ, किन भने व्यवस्थाले येशूको अर्जबिन्तिलाई नकार्न सक्ने कुनै अधिकार छैन। येशूले आफ्नो अधिकार जान्नहुन्थ्यो र उहाँ मर्नुपर्ने कारण पनि उहाँलाई थाहा थियो। परमेश्वरको न्याय वास्तवमै दयापूर्ण छन्!

**परमेश्वरको राज्य सेवकाइहरू (God's Kingdom Ministries)**
**६२०१ यूनिभर्सिटी एभ. एनई**
**फ्राइडले, एमएन ५५४३२**
अधिक जानकारीको लागि: http://www.gkmtracts.com/gods-marvelous-plan-for-creation-part-2